# पशुको छाप (६६६)

## बाइबलले पशुको छापको विषयमा के भन्दछ त ?

www.DivineRevelations.info/NEPALI




**प्रकाश १३:१५-१८**

त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन् । अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा **सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो । त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो** । त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो । बुद्धिमत्ता यसैमा छ : जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो ।

**प्रकाश १४:९-११**



त्यसपछि तेस्रो स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, त्यसले पनि उहाँका क्रोधको कचौरामा **केही नमिसाइ तयार गरिएको** परमेश्वरको क्रोधको कडा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ । तिनीहरूका यातनाको धुवाँ सदासर्वदा मास्तिर गइरहनेछ । तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र **त्यसको नाउँको छाप लिन्छन् । (जुन चाहिँ ६६६ थियो)** तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन् ।"

यो सबै कसरी घटित हुनेवाला छ भन्ने विषयमा प्रशस्त परिकल्पना त गरिएको नै छ, तर तपाई यो कुरामा चाहिँ पक्का हुन सक्नुहुन्छ...

कि कुनैपनि मानिस जसले पशुको छाप ६६६ लाई प्राप्त गरेको हुन्छ ऊ सर्वनाशतिर उन्मुख छ ! त्यहाँदेखि **फर्केर आउने कुनै उपाय छैन, कुनै क्षमा छैन, कुनै दोस्रो मौका छैन, कुनै छुटकारा, कुनै मुक्ति छैन !** यो नसोच्नुहोस् कि... *"परमेश्वरले मलाई त बुझ्नुहुन्छ, मैले छापलाई स्वीकार गरेपनि उहाँले मलाई क्षमा गर्नुहुनेछ, उहाँ दयालु हुनुहुन्छ र मैले मेरो जीवन गुमाएको उहाँ चाहनुहुन्न । मैले चिन्ता गर्नु नै पर्दैन, म अझैपनि उद्धार गरिएको नै हुन सक्छु, होइन र ?"* ***गलत !!!!***

यदि तपाईंले पशुको छाप ६६६ लाई आफ्नो निधारमा वा हातमा लगाउन स्वीकार गर्नुहुन्छ भने, तब त तपाई सिद्धिनुभयो ! तपाईंको उद्धार हुने छैन ! पशुप्रति रहेको बफादारीलाई नै तपाईंले दाबी गर्नुभएको हुन्छ । छाप प्रदान गरिने समयमा त्यहाँ ठूलो दबाब र सङ्कष्ट हुनेछ । यस्तो देखिने छ कि धेरै समस्याहरूलाई समाधान गर्दै, जीवित रहनको लागि गरिनुपर्ने उत्तम कुरा सम्भवत: त्यही नै हो ।

त्यसलाई लिइएको होस् भनेर तपाईंमाथि ठूलो दबाब हुनेछन् । यातना, जीवनलाई गुमाउने, नोकरीलाई गुमाउने, छोरा-छोरीहरूलाई गुमाउने, धनसम्पत्तिहरू, प्रसिद्धि, घर, स्वतन्त्रताहरू, आफ्ना हात खुट्टाहरू इत्यादीलाई गुमाउने जस्ता दबाबहरू आइपर्नेछन् । अगमवक्ताहरूलाई चेतावनी दिइएको थियो कि दुष्ट शैतानले ती इन्कार गर्नेहरूलाई सरलरूपमा शिर काटिदिएर हत्या गर्ने कार्यद्वारा होइन कि तिनीहरूलाई उसको छाप लगाइएको हुन सकोस् भनेर उसले तिनीहरूलाई डरलाग्दो तवरमा यातना दिने कार्य गर्नेछ । छापविना तपाईं केही कुराको पनि किनमेल गर्न सक्षम हुनु हुने छैन । समयको त्यस बिन्दुमा, तपाईं चाहिँ छाप लगाउनलाईभन्दा पनि मर्नलाई नै तयार रहेको हुनुपर्दछ । दण्ड जेसुकै नै किन नहोस्, तपाईं चाहिँ पशुको छाप लगाइएको हुनुभन्दा मृत्युदण्डलाई नै सामना गर्न तयार हुनुपर्दछ । यस विषयमा सम्झौता गरेर चाहिँ कुनै गल्ती नगर्नुहोस्, ती जसले छापलाई प्राप्त गर्दछन्, यदि उनीहरू विश्वासी भएका रहेछन् भने पनि, **परमेश्वरको पूर्ण क्रोधका निम्ति सदाको लागि दोषी ठहरिएका हुनेछन् !** यस्तो विचार नगर्नुहोस् कि कष्ट सहन नपरोस्, र छाप लगाइएको हुन नपरोस् भनेर आत्महत्या गर्दा चाहिँ तपाईं उम्कनुहुनेछ । आत्माहत्याले तपाईंलाई बचाउने छैन, तपाईंले आत्महत्या गर्नुभयो, भने त, तपाईं एक खीष्ट विश्वासी हुनुहुन्थ्यो भनेपनि, त्यसो गरेको हुनाले तपाईंलाई नरकमा नै फालिएको हुनेछ । साथै, यदि तपाईं येशूमा विश्वास गर्नुहुने एक व्यक्ति हुनुहुन्न भनेपनि, छापलाई लिन अस्वीकार गरेको कारणले गर्दा तपाईंको उद्धार हुनेछैन । तपाईंले त येशूलाई विश्वास र ग्रहण गर्नुपर्दछ, र छापलाई लिन अस्वीकार गर्नुपर्दछ, केवल तब मात्र तपाईं उद्धार गरिएको हुन सक्नुहुन्छ ।



तर त्यस समयमा ती पछाडी छोडिएका मानिसहरूको निम्ति चाहिँ आशा बाँकी हुन्छ, जसले पशुको छाप लिनलाई अस्वीकार गर्दछन् र आफ्नो विश्वासको खातिर मारिन्छन् ।



## प्रकाश २०:४

**तब मैले सिहांसनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो । तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें । तिनीहरू फेरि जीवित भए, र तिनीहरूले खीष्टसँग एक हजार वर्षसम्म राज्य गरे ।**

***Translated to Nepali by Isaac Rai, yeshukosandesh@gmail.com***